**बैठक नं २१**

आज मिति २०७५/०२/१० गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | " | |
| ५ | लाल प्रसाद बस्याल | " | |
| ६ | टंक प्रसाद पराजुली | " | |
| ७ | तेज बहादुर सुनार | " | |
| ८ | जगदिश चन्द्र आचार्य | " | |
| ९ | कमल प्रताप थापा | " | |
| १० | भिम बहादुर श्रेष्ठ | " | |
| ११ | बिष्णु बहादुर थापा | " | |
| १२ | पदम बहादुर थापा | " | |
| १३ | रामचन्द्र क्षेत्री | " | |
| १४ | दुर्गा प्रसाद सुवेदी | " | |
| १५ | नारायण प्रसाद पुन | " | |
| १६ | दधिराम न्यौपाने | " | |
| १७ | डम्मर बहादुर भण्डारी | " | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | " | |
| १९ | सन्त बहादुर राना | " | |
| २० | हुमनाथ आचार्य | " | |
| २१ | हिम बहादुर खत्री | " | |
| २२ | डिल प्रसाद नेपाली | " | |
| २३ | रन्जित शेरचन | " | |
| २४ | माया देवी बराल (बिश्वकर्मा) | " | |
| २५ | बिमला श्रेष्ठ | " | — |
| २६ | सिता कुमारी थापा | " | |
| २७ | शुष्मा कुमारी अर्याल | " | |
| २८ | बिष्णु कुमारी शर्मा | " | |
| २९ | बिष्णु प्रसाद खनाल | नि.प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

१.प्रस्ताव नं २१.१

स्रोत अनुमान, वजेट सिमा निर्धारण एवं वडा भेला सम्बन्धमा ।

निर्णय नं २१.१

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको आगामी आ.व.०७५।०७६ का लागि स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट सिफारिस भइ आए बमोजिम रु. १ अर्ब ३२ करोड स्रोत अनुमान तथा निम्नानुसारको वडागत वजेट सिलिङ्ग निर्धारण गरी सोही सिलिङ्गको परिधि भित्र रही प्राप्त मार्गदर्शन बमोजिम मिति २०७५/०२/१६ गते देखि १ (एक) हप्ता भित्र आ-आफ्नो वडामा वडा भेला सम्पन्न गर्ने निर्णय गरियो ।

बुटवल उप महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, बुटवल

आ.व. ०७५/०७६ को सूत्रमा आधारित वडागत बजेट सिलिङ्ग

| वडा नं. | विकास को अवस्था | अंक भार | रकम | जनसंख्या | अंक भार | रकम | २०७५ बैशाख सम्मको वडागत राजस्व योगदान | अंक भार | रकम | भूगोल | अंक भार | रकम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५ | ०.०५ | १७३०७६९.२३ | ३३७० | ०.०२ | १०९३०३५.९९ | ६९९६१२.५० | ०.०१ | २४२४५४.१० | ३.२७४ | ०.०३ | १२०८२३६.१७ | ४२७४०००.०० |
| २ | १५ | ०.०५ | १७३०७६९.२३ | ६४८७ | ०.०५ | २१०४०१३.२० | ८१२५५३.०० | ०.०१ | २८१५९४.२६ | ३.६६५ | ०.०४ | १३५२५३१.६१ | ५४६९०००.०० |
| ३ | १० | ०.०३ | ११५३८४६.१५ | १०८४२ | ०.०८ | ३५१६५२७.०८ | ३२८९९०७.११ | ०.०४ | ११४०१३३.५६ | २.९३७ | ०.०३ | १०८३८७७.४९ | ६८९४०००.०० |
| ४ | १० | ०.०३ | ११५३८४६.१५ | ९६०३ | ०.०७ | ३११४६६६.०७ | ८८८०५२७.७५ | ०.१० | ३०७७५९०.७५ | ३.८९१ | ०.०४ | १४३५९३४.६६ | ८७८२०००.०० |
| ५ | १० | ०.०३ | ११५३८४६.१५ | ३२०२ | ०.०२ | १०३८५४६.३७ | २४८२९६८.७० | ०.०३ | ८६०४८५.०७ | ०.४४१ | ०.०० | १६२७४६.६४ | ३२१५०००.०० |
| ६ | १० | ०.०३ | ११५३८४६.१५ | ६७८७ | ०.०५ | २२०१३९६.११ | ७७९६३०३.१० | ०.०९ | २७०१८७१.६० | २.२३० | ०.०२ | ८२२९५९.२१ | ६८८००००.०० |
| ७ | १० | ०.०३ | ११५३८४६.१५ | १०५९७ | ०.०८ | ३४३७०६३.०४ | ३५२४६३४.०० | ०.०४ | १२२१४०७.३२ | ५.९६० | ०.०६ | २१९९४७८.४२ | ८०१२०००.०० |
| ८ | १० | ०.०३ | ११५३८४६.१५ | ११९४२ | ०.०९ | ३८७३३०४.४१ | ८५६४०७६.८० | ०.१० | २९६८१५५.३१ | ०.९३२ | ०.०१ | ३४३९४५.२८ | ८३३९०००.०० |
| ९ | १५ | ०.०५ | १७३०७६९.२३ | ९१७० | ०.०७ | २९७४२२५.५४ | ५३९११२३.८८ | ०.०६ | १८६८३२०.६१ | ०.६०८ | ०.०१ | २२४३०६.३२ | ६७९७०००.०० |
| १० | १० | ०.०३ | ११५३८४६.१५ | ४३६१ | ०.०३ | १४१४४४९.९३ | ४२०६५७८.६० | ०.०५ | १४५७८१०.५९ | ४.११७ | ०.०४ | १५१९३३७.७० | ५५४५०००.०० |
| ११ | २० | ०.०६ | २३०७६९२.३१ | २८११३ | ०.२० | ९११४२०२.९१ | १४३६७८४३.०५ | ०.१७ | ४९७७२४६.१७ | ४.२५० | ०.०४ | १५६८४२०.०२ | १७८९९०००.०० |
| १२ | २० | ०.०६ | २३०७६९२.३१ | ६५४२ | ०.०५ | २१२१८५२.०७ | ६३०२५३१.२५ | ०.०७ | २१८४१७३.३३ | ३०.३११ | ०.३० | १११८५९७१.५६ | १६७९१०००.०० |
| १३ | २० | ०.०६ | २३०७६९२.३१ | ७३६६ | ०.०५ | २३८९११०.७२ | ६६८९१९२.०० | ०.०८ | २३१८१७२.५३ | ६.६६९ | ०.०७ | २४६११२७.७९ | ९४७६०००.०० |
| १४ | २५ | ०.०८ | २८८४६१५.३८ | ३५६६ | ०.०३ | ११५६६०७.२३ | १७४९१३८.०० | ०.०२ | ६०६१०२.४१ | ५.२७० | ०.०५ | १९४४८४०.८२ | ६५९२०००.०० |
| १५ | २५ | ०.०८ | २८८४६१५.३८ | ३५८२ | ०.०३ | ११६१७७९.०२ | ३२३४७००.०० | ०.०४ | ११२१००१.२६ | ३.३२४ | ०.०३ | १२२६६८८.९७ | ६३९४०००.०० |
| १६ | २५ | ०.०८ | २८८४६१५.३८ | २९३४ | ०.०२ | ९५१६२२.४४ | २३४४०४८.०० | ०.०३ | ८१२३४१.४१ | ६.६९२ | ०.०७ | २४६९९१५.०१ | ७११८०००.०० |
| १७ | २५ | ०.०८ | २८८४६१५.३८ | ४०१८ | ०.०३ | १३०२२१०.२८ | १५९१०३९.०० | ०.०२ | ५५१३८२.४२ | ४.९२४ | ०.०५ | १८१७१५२.९८ | ६५५६०००.०० |
| १८ | २५ | ०.०८ | २८८४६१५.३८ | २५८२ | ०.०२ | ८३७४५३.६९ | १५५५४०२.०० | ०.०२ | ५३९०३२.२५ | ५.५०७ | ०.०५ | २०३२३०३.३० | ६२९३०००.०० |
| १९ | २५ | ०.०८ | २८८४६१५.३८ | ३५९८ | ०.०३ | ११६६९८६.२० | ३०८३४४२.३८ | ०.०४ | १०६८५८२.१९ | ६.६१३ | ०.०७ | २४४०४६१.५५ | ७६६६०००.०० |
| जम्मा | ३२५ | १ | ३७५००००० | १३८७४२ | १ | ४५०००००० | ८६५६६३६१.१२ | १ | ३०००००००० | १०१.६२ | १ | ३७५००००० | १५०००००००० |

| | | |
|---|---|---|
| विकासको अवस्था | २५% | ३,७५,००,०००.०० |
| जनसंख्या | ३०% | ४,५०,००,०००.०० |
| राजश्वको योगदान | २०% | ३,००,००,०००.०० |
| भूगोल | २५% | ३,७५,००,०००.०० |
| जम्मा | १००% | १५,००,००,०००.०० |

प्रस्ताव नं २१.२

नगर कार्यपालिकाको प्रशासकीय भवनको ठेक्का स्वीकृत सम्बन्धमा ।

निर्णय नं २१.२

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण प्रयोजनका लागि मिति २०७४/१०/१९ मा ठेक्का नं. ०९/२०७४/०७५ को बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएकोमा म्याद भित्र दाखिला हुन आएका बोलपत्रहरुको मूल्याङ्न समितिबाट प्राविधिक प्रस्तावको मूल्याङ्न भई योग्य देखिएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोली मिति २०७५/०१/२० को बोलपत्र मूल्याङ्न समितिबाट सबै भन्दा कम अंक कबोल वाला श्री विकोई - शिवशक्ति - वन्दन भगवती जे.भी. काठमाण्डौंको कबोल अंक भ्याट र प्रोभिजनल सम बाहेक रु.३८,२२,७०,८७२/९३ अर्थात भ्याट र प्रोभिजनल सम समेत गरी रु.४३,५३,४९,५७२/८४ (त्रिचालिस करोड त्रिपन्न लाख उन्पचास हजार पाँच सय बहत्तर र पैसा चौरासी मात्र) ल.ई. भन्दा २०.६६% घटी समेत भएको हुदा श्री विकोई - शिवशक्ति - वन्दन भगवती जे.भी. काठमाण्डौको बोलपत्र स्वीकृतिका लागि सिफारिस भई आएको प्रशासकीय भवन निर्माण सम्बन्धी फाइल प्रस्तुत

भई छलफल गरियो । उक्त श्री विकोई - शिवशक्ति - वन्दन भगवती जे.भी. काठमाण्डौको भ्याट र प्रोभिजनल सम सहित रु. रु.४३,५३,४९,५७२/८४ (त्रिचालिस करोड त्रिपन्न लाख उन्पचास हजार पाँच सय बहत्तर र पैसा चौरासी मात्र) को सबै भन्दा कम अंक कबोल भएको बोलपत्र समेत भएकाले उक्त बोलपत्र स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं २१.३**

**मर्मत संभार तथा विपत व्यवस्थापन कार्यबिधि, २०७४ माथि संशोधन सम्बन्धमा ।**

**निर्णय नं २१.३**

मर्मत संभार तथा विपत व्यवस्थापन कार्यबिधि, २०७४ माथि समय सापेक्ष देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

१. कार्यबिधिको पृष्ठभूमि खण्डको पहिलो अनुच्छेदमा रहेको **"पहिलो"** भन्ने शव्द हटाउने र सोही अनुच्छेदमा रहेको **"आ.व.०७४/०७५ को"** भन्ने वाक्यांश हटाउने । सोही अनुच्छेदमा रहेको **"१०%"** को सट्टा **"१०% देखि १५ %"** भन्ने वाक्यांश राख्ने । पृष्ठभूमि खण्डको दोस्रो अनुच्छेदको पहिलो हरफमा **"वडा स्तरीय"** पछाडि **"स-साना निर्माण,"** भन्ने वाक्यांश थप गर्ने ।

२. कार्यबिधिको दफा २ खण्ड **"ज"** देहाय वमोजिम थप गर्ने

**"ज" वडा स्तरीय स-साना निर्माण कार्य र कार्यक्रमहरु कोष खडा गरी समितिको निर्णय बाटै संचालन गर्न सहज हुने ।**

३. देहाय बमोजिम दफा २ क थप गर्ने

**२ क. कोषको व्यवस्थापन**

**१. प्रत्येक वडामा विपत व्यवस्थापन तथा मर्मत सम्भार कोष खडा गरिनेछ ।**

**२. कोषमा विनियोजन ऐन द्वारा अनुदानको रुपमा उपलब्ध हुने रकम र कानून बमोजिम विभिन्न संघ संस्थाद्वारा प्राप्त हुने रकम ।**

**३. यस कोषको रकम यसै कार्यविधिमा व्यवस्था भए बमोजिम खर्च गरिने छ ।**

४. दफा ३ मा देहाय वमोजिम खण्ड ड थप गर्ने ।

(ड) **"वडा समितिको निर्णयबाट तत्काल संचालन गर्नु पर्ने स-साना योजना तथा कार्यक्रमहरु र वडाले तत्काल आवश्यक ठानेका अन्य कार्यक्रमहरु"**

५. दफा ४ को मर्मतसंभार भन्ने वाक्यको अगाडि **"स-साना योजना तथा कार्यक्रम"** भन्ने वाक्यांश थप गर्ने।

६. दफा ४ (क) मा रहेको **"रु.२५०००।- अक्षेरुपी रु.पच्चिस हजार"** भन्ने वाक्यांशको सट्टा **"विनियोजन ऐनमा उल्लेखित रकममा"** भन्ने वाक्यांश थप गर्ने ।

७. दफा ४ ख को सट्टा देहाय बमोजिम गर्ने ।

**"स-साना मर्मत कार्य र तत्काल राहतकार्यको भुक्तानीका लागि नगर सभाबाट विनियोजित बजेट मर्मत सम्भार तथा विपत व्यवस्थापन कोष खातामा एकमुष्ट रुपमा अनुदानको रुपमा उपलब्ध गराइनेछ ।"**

८. दफा ४ घ को सट्टा देहाय बमोजिम गर्ने ।

**"निर्णय बमोजिमका कार्यहरुको रु.५० हजार भन्दा बढी रकमको हकमा प्राविधिकबाट ल.ई गरी वडा कार्यालयको प्रत्यक्ष रेखदेखमा सम्बन्धित उपभोक्ता /टोल विकास संस्था/ लाभग्राही समूहलाई निर्माण कार्यको जिम्मेवारी दिईनेछ । सो भन्दा कमका योजना तथा कार्यक्रमहरुको हकमा नियमानुसारको बिल**

**विजक, सम्बन्धित वडाको प्राविधिकको सिफारिस र वडा समितिको बैठकको निर्णय अनुसार खर्च भुक्तानी गर्न सकिनेछ ।"**

९. दफा ६ मा लेखा व्यवस्थापन तथा लेखा परीक्षण शीर्षकको सुरुमा **"कोषको"** भन्ने शब्द थप गर्ने ।

१०. दफा ६ ख को सट्टा हटाई देहाय वमोजिम गर्ने ।

**"कोषको खाता संचालन वडा समितिको निर्णय वमोजिम हुनेछ ।"**

११. दफा ६ को ग हटाइएको छ ।

**प्रस्ताव नं २१.४**

**महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचय पत्र वितरण सम्बन्धमा ।**

**निर्णय नं २१.४**

बुटवल उप-महानगरपालिका क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई अर्को व्यवस्था भए पछि सोहि वमोजिम हुने गरी हाललाई बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट निम्नानुसारको ढाँचामा परिचयपत्र उपलव्ध गराउने निर्णय गरियो ।

**अग्रभाग**

बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
प्रदेश नं.५, नेपाल
महिला स्वास्थ्य स्वयंसेविकाको
**परिचय-पत्र**

फोटो

**परिचय पत्र नं..........**

**नाम, थर:...............................................**

**ठेगाना:.............** **स्वास्थ्य संस्था:..........................**

**सम्पर्क नं.:** **नागरिकता नं:....................**

**पृष्ठभाग**

यो परिचय पत्र नि:स्वार्थ भावले काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाको भएकोले वहाँहरुलाई आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

Name of FCHV :................................

प्रमाणित गर्ने

नाम:.............................................दस्तखत:...........................

पद:.............................................मिति:...........................

महिला स्वास्थ्य स्वयंसेविकाको दस्तखत:...........................

यो परिचय पत्र कसैले पाउनु भएमा नजिकको प्रहरी चौकी वा बुटवल उप -महानगरपालिकामा बुझाई दिनुहोला ।

**प्रस्ताव नं २१.५ बिबिध ।**

**जीवन शैली शीर्षकको केही रकम औषधि खरिदमा शीर्षकान्तर सम्बन्धमा ।**

**निर्णय नं २१.५.१**

लुम्बिनी अञ्चल आयुर्वेद औषधालयका लागि आ.व.०७४।०७५ मा औषधि खरिदका लागि विनियोजित रकम वरावरको औषधि खरिद भई समाप्त समेत भएको । यता गत आ.व.को तुलनामा यस आ.व.को जेष्ठ महिनाको पहिलो हप्ता सम्ममा गत आ.व.मा भन्दा १८०० भन्दा बढी बिरामीको उपचार भैसकेको र च.लु.आ.व.को वाँकी अवधिका लागि समेत थप औषधि आवश्यक भएकोले बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको लेखा कोर्ड नं ८१०१०९०६ योग तथा जीवनशैली व्यबस्थापन कार्यक्रममा विनियोजित रु. ५,००,०००।- पाँच लाख बाट रु. ४००,०००।- आयुर्वेद औषधि खरिदको लागि बिनियोजन गरी शीर्षकान्तर एवं रकमान्तर गर्ने र वाँकी रु १००,०००।- को योग तथा जीवन शैली व्यबस्थापन कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २१.५.२**

**कृषि विकास कार्यक्रम संचालनबाट वचत भएको रकमबाट अन्य कार्यक्रमहरु संचालन सम्बन्धमा ।**

**निर्णय नं २१.५.२**

यस बुटवल उप-महानगरपालिका नगरकार्यपालिका कार्यालयको मिति २०७४।१२।१८ को निर्णय अनुसार स्वीकृत भएका कार्यक्रम मध्ये स्वीकृत कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्दा केही शीर्षकहरुमा रु.१८,१९,०००।- वचत हुने भएकोले सो वचत रकम मध्येवाट कृषि शाखावाट प्रस्ताव भई आएका केही कार्यक्रमहरुमा शीर्षकान्तर गरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २१.५.३**

**५०० जना युवाहरुको लागि स्वरोजगार तालिम संचालन सम्बन्धमा ।**

**निर्णय नं २१.५.३**

**"एक परिवार एक रोजगार"** अवधारणामा नगरका सवै वडावाट विपन्न तथा गरिव परिवारका युवा तथा महिलाहरुलाई सीपमूलक तालिम उपलव्ध गराउने गरी आ.व.०७४।०७५ को बार्षिक वजेट नीति तथा कार्यक्रममा रु.१,००,००,०००।०० वजेट विनियोजन भएकोले सोही वजेटवाट खर्च व्यवस्थापन गर्ने गरी कार्यालयवाट पेश भएको तपसिल वमोजिमका तालिम, तपसिल वमोजिमको संख्यामा तपसिल वमोजिमको संस्था मार्फत् तपसिलमा उल्लेख भएवमोजिमको प्रतिव्यक्ति दररेटमा संचालन गर्ने निर्णय गरियो ।

एक परिवार, एक रोजगार कार्यक्रम अन्तर्गत ५०० विपन्न परिवारका युवा तथा महिलाहरुलाई व्यावसायिक तालिम प्रदान गर्नका लागि तालिम प्रदायक संस्थाहरुवाट प्राप्त प्रस्तावनाहरुको तुलनात्मक विवरण (तालिम अवधि ३ महिना)

| सि.नं. | तालिम विवरण | प्रस्तावित सहभागी संख्या | तालिम प्रदायक संस्था | प्रतिव्यक्ति दररेट ( भ्याट बाहेक) | जम्मा लागत |
|---|---|---|---|---|---|
| १ | हेभि इक्विपमेन्ट हाइडोलिक सिस्टम(स्काभेटर,डोजर,ग्रेडर, रोलर,भाइब्रेटर) तालिम | २५ | वुटवल अटो इन्जिनियरिड | १९७७२ | ४९४३०० |
| २ | जनरल मेकानिकल लेथ अपरेटर/ मेकानिकल फिटर जनरल मेकानिकल | ७५ | वुटवल अटो इन्जिनियरिड २५ जना र बि.टि.आई. ५० जना | १९७७२ | ४९४३०० |
| | | | | १९१८४ | ९५९२०० |

| सि.नं. | तालिम विवरण | प्रस्तावित सहभागी संख्या | तालिम प्रदायक संस्था | प्रतिव्यक्ति दररेट ( भ्याट बाहेक) | जम्मा लागत |
|---|---|---|---|---|---|
| ३ | अटो मेकानिक (बेसिक तालिम) | २५ | बुटवल अटो इन्जिनियरिङ | १९७७२ | ४९४३०० |
| ४ | आर्क वेल्डिङ तालिम | ५० | बिटिआई | १९७७२ | ९८८६०० |
| ५ | फर्निचर मेकर तालिम | ५० | बिटिआई | २०४६७ | १०२३३५० |
| ६ | विल्डिड./ सोलार इलेक्टिकल तालिम | १०० | बिटिआई ५० जना र व्यावसायिक सीप विकास ता.के ५० जना | १४३१७ | १४३१७०० |
| ७ | कुक तालिम | ५० | व्यावसायिक सीप विकास तालिम केन्द्र | १४३१७ | ७१५८५० |
| ८ | एसी रेफ्रिजेरेटर तालिम | ५० | व्यावसायिक सीप विकास तालिम केन्द्र | १४३१७ | ७१५८५० |
| ९ | प्लम्विङ तालिम | ५० | व्यावसायिक सीप विकास तालिम केन्द्र | १४३१७ | ७१५८५० |
| १० | फेशन डिजाइनर | २५ | व्यावसायिक सीप विकास तालिम केन्द्र | १४३१७ | ३५७९२५ |
| | जम्मा | 500 | | | ८३९१२२५ |
| | | | भ्याट १३ प्रतिशत | | १०९०८५९.१३ |
| उपरोक्त तालिम शुल्कमा सीप परीक्षण खर्च समावेश गरिएको छैन | | | | जम्मा रकम | ९४८२०८४.१३ |

**प्रस्ताव नं २१.५.४**

**गणतन्त्र दिवस मनाउने सम्वन्धमा ।**

**निर्णय नं २१.५.४**

गणतन्त्र दिवस २०७५ को अवसरमा देहाय वमोजिमका कार्यक्रमहरु सन्चालन गरी सम्पन्न गर्ने निर्णय गरियो ।

- २०७५।०२।१४ गते विहान ७:०० वजे लुम्विनी वस टर्मिनलमा भेला भई सो स्थान देखि बुटवल मण्डप भित्र रहेको गणतन्त्र स्तम्भ सम्म विशेष सरसफाई कार्यक्रम संचालन गर्ने ।
- २०७५।०२।१४, १५ र १६ गते बुटवल उप-महानगरपालिका नगर कार्यपालिका, सवै वडा कार्यालयहरु, सम्पूर्ण सरकारी, गैर सरकारी संघ संस्था एवं नगरवासीहरुमा दीपावलि गर्न अनुरोध गर्ने ।
- २०७५।०२।१५ गते विहान ७:३० वजे लुम्विनी वस टर्मिनलमा भेला भई प्रभातफेरी सहित बुटवल मण्डप भित्र स्तम्भको समिपमा सम्पन्न हुने प्रदेश सरकार द्वारा आयोजित प्रदेश स्तरीय मन्चको कार्यक्रममा सहभागी हुने ।
- २०७५।०२।१५ गते साँझ ६:०० वजे वडा नं ६ स्थित पुष्पलाल पार्कमा माननीय मुख्य मन्त्रीज्यूको उपस्थितिमा हुने दीपावलि कार्यक्रममा सहभागी हुने ।
- रुपन्देही व्यापार संघ द्वारा ज्ञानोदय मा.बि. बुटवलमा २०७५/०२/१५ गते दिनको १:०० बजे विद्यार्थीहरुलाई व्याग तथा स्टेशनरी सामान बितरण कार्यक्रम ।

**प्रस्ताव नं २१.५.५**

**बिटौरी र कोदाले जग्गाको सम्बन्धमा ।**

**निर्णय नं २१.५.५**

यस बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका विटौरी, कोदाले र आकडा जग्गाहरुको छानविन गरी दर्ता पूर्जा बितरण गर्ने प्रयोजनका लागि विगतमा नेपाल सरकार मन्त्रिपरिषदबाट गठित समितिबाट केही काम सम्पन्न भएको भए तापनि अझ केही काम बाँकी देखिएको हुँदा पुनः सो समिति गठन गरी कार्य सम्पन्न गराउन आवश्यक भएको र सो कार्यलाई अगाडि नवढाउदा सरोकारवाला जग्गा धनिहरु मर्कामा परेको हुदा विगतमा गठित समितिको पुनः म्याद थप गरी जग्गा सम्वन्धी कार्यको पुर्जा वितरण सम्वन्धी कार्य प्रकिया अगाडि वढाई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २१.५.६**
**पार्क निर्माण सम्बन्धमा ।**
**निर्णय नं २१.५.६**

रामापिथेकस जियोलोजिकल पार्कको लागि शिव नगर सामुदायिक वन बुटवल ७-८ क्षेत्रमा यसै आ.व.मा सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवदेन (DPR) तयार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २१.५.७**
**अव्यबस्थित वसोवास सम्बन्धमा ।**
**निर्णय नं २१.५.७**

बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका अव्यबस्थित वसोवासलाई व्यबस्थित गरी सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्य आरम्भ गरी अव्यबस्थित वासोवासीहरुको लगत संकलन गर्ने कार्य सम्पन्न भई सकेको छ । बिगत लामो समय देखि घरवास वनाई वासोबास गरी आएका वसोवासीहरुको लगत संकलन भई सके पछि पनि चालु आ.व.मा समेत नगरका बिभिन्न क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गर्ने गरेको पाइएको हुदा त्यस्ता चालु आ.व.मा अतिक्रमण गरी बसोवास गरेकाहरुको हकमा एकीन गरी नगरबाट प्रदान गरिने कुनै पनि सेवा सुबिधा प्रदान नगर्ने र अव्यवस्थित वसोवासीहरुको लगतमा नाम समावेश नगरि दिनुका साथै अव्यबस्थित वसोवासीहरुको अभिलेख प्रमाणित नहुने व्यहोराको सार्वजनिक सूचना प्रकाशित गर्ने र सोही वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी भयो ।**